# गल्छी गाउँपालिका उपाध्यक्ष श्री राधा तिमल्सिना (लामिछाने) द्वारा प्रस्तुत

# आ.व.२०७६/०७७ को बार्षिक बजेट वक्तब्य

सम्माननीय सभाध्यक्षज्यू ,

माननिय सभासदज्यूहरु,

कार्यालय प्रमुख एवं कर्मचारी मित्रहरु,

पत्रकार साथीहरु र

अन्य उपस्थित महानुभावहरु

नेपालको संविधानले गरेको संघिय व्यवस्था अनुरुप आज गल्छी गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभा समक्ष आ.व. ०७६/०७७ को वजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएकी छु ।

सर्वप्रथमतः यो देश र जनतालाई स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न बनाउन विभिन्न कालखण्डमा गरिएका ऐतिहासिक संघर्ष तथा आन्दोलनमा शहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै गल्छी गाउँपालिकामा न्यायपूर्ण समाज निर्माण र समृद्वीको मार्गमा एकताबद्द रहेका सम्पूर्ण गल्छी बासी र गल्छीका आदरणीय अग्रज राजनीतिक नेतृत्व प्रति उच्च सम्मान गर्न चाहन्छु ।

यस गल्छी गाउँकार्यपालिकाले संघीय सरकार र प्रदेश सरकार संग नेपाल को संबिधान अनुसार सहअस्तित्व, समन्वय र सहकार्यमा रही समृद्द गल्छी गाउँपालिका निर्माणका लागि दीर्घकालीन सोचका साथ अगाडी बढि रहेको जानकारी गराउन चाहन्छु । २०७६

सालको प्रारम्भिक गाउँ पार्श्वचित्रको नतिजा अनुसार ३०,०३२ जनसंख्या रहेको यस गाउँपालिका १२९.०८ वर्ग किलो मिटर क्षेत्रफलमा फैलिएर रहेको छ । प्रति वर्ग कि.मी. २१६ जनघनत्व रहेको यस गाउपालिकामा ऐतिहासिक रानीमाला, रणकालिका मन्दिर, गुप्तेश्वर गुफा, महाभारत लेक भूमिचुली, पापद्धार, धर्मद्धार लगायतका स्थान र कल्लेरीटार, फोर्सेटार, डल्टार, भल्टार, खन्टार लगायतका अधिकांश क्षेत्रहरु कृषि, व्यापार र पर्यटनमा प्रचुर सम्भावना बोकेका छन् ।

यस गाउपालिकामा विशेष गरी हिन्दू र वौद्ध धर्मावालम्वीहरुको बसोबास रहनुका साथै व्राह्मण, क्षेत्री र तामाङ्ग जातिको वाहुल्यता रहेको छ । यहाँका नागरिकहरुले कृषि, पशुपालन र व्यापारलाई मुख्य पेशाको रुपमा ऐतिहासिक काल देखी नै अंगाल्दै आएका छन् । काठमाडौं उपत्यकावाट नजिक रहेकोले यस गाउँपालिकाको आर्थिक सामाजिक विकासमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको छ । यहाँ उत्पादन हुने कृषिजन्य तथा पशुजन्य उपजहरु सोही बजार क्षेत्रमा वढी खपत र विक्री हुने गरेको छ । भौगोलिक रुपमा मध्यम स्तरीय पहाडी धरातल रहेको यस क्षेत्रमा मानव वसोबास र पर्यटन व्यवसायको लागि अति उपयुक्त स्थानहरु रहेका छन् । नवगठित गाउपालिका भएकोले यसलाई एक सक्षम गाउपालिकाको रुपमा स्थापना गर्ने चुनौति समग्र गाउँवासी तथा सरकारी र गैरसरकारी निकायहरुको काँधमा आई परेको छ । यहाँ भएका सम्भावनाहरुलाई अवसरमा परिणत गर्न र यहाँ रहेका समस्याहरुको न्यूनीकरण गर्ने क्रममा योजनावद्ध तरिकावाट लाग्नु पर्ने आवश्यकता रहेको छ ।

**सम्माननिय सभाध्यक्षज्यू** ,

यसै क्रममा अव म चालु आव ०७५/७६ को कार्यक्रममा समावेश भएका केहि मुख्य उपलब्धि प्रस्तुत गर्न चाहन्छु

- समपुरक कोषमा आवश्यक बजेटको प्रबन्ध गरि प्रदेश सरकार र संघीय सरकारको समपुरक अनुदान बाट आठै वडाका वडा कार्यालय सम्म पुग्ने गरि ग्रामिण सडक निर्माण कार्य सम्पन्न अन्तिम चरणमा पुगेको छ |

- सबै नागरिकलाई स्वस्छ पिउने पानी पुर्याउने यस पालिकाको ध्येय अनुसार बिभिन्न बस्तीमा साना साना ग्रामिण खानेपानी सम्पन्न भएका छन् साथै पृथ्वी राजमार्ग संग जोडिएका बैरेनी बजार , गल्छी बजारका बासिन्दालाई शुद्द पिउने पानीका लागि डल्टार र बैरेनीमा डिप बोरिङ्ग मार्फत खानेपानी श्रोत जम्मा गरि वितरण कार्य अगाडी बढाईसकीएको र वडा नं १ को दलांगमा दलित बस्तीको खानेपानीको लागि आबस्यक पर्ने सामाग्री उपभोक्ता समिति मार्फत खरिद भई आगामी आ.व. मा साझेदारीमा संचालन हुने भएको छ |
- टुक्रे खानेपानी योजनाको लागि करिब ३० लाख बजेट बराबरको खानेपानी पाईप खरिद गरि लागत अनुमान र वडा कार्यालयको सिफारिसका आधारमा माग बमोजिम खानेपानी पाईप वितरण गरिएको छ |
- कृषि प्रबिधिलाई आधुनिकरण गरि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उदेश्यले कृषकहरुलाई १६२ वटा हाते ट्र्याक्टर ५० प्रतिशत अनुदानमा वितरण गरि सकीएको छ |
- स्वास्थ्य सेवालाई सरल भरपर्दो र विश्वासनीय बनाउने हेतुले बैरेनी हेल्थ पोस्टमा सुत्केरी कुरुवा घर संचालनमा ल्याईएको छ भने सडक दुर्घटना , मातृशिशुको जिउ ज्यानको सम्रक्षणका लागि गाउँपालिकाको तर्फ बाट बैरेनी हे.पो मार्फत सहुलिएत दरमा एम्बुलेन्स सेवा संचालनमा ल्याईएको छ |

- सडक सुरक्षा र चोरी डकैती जस्ता अपराध जन्य क्रियाकलापलाई न्यूनीकरण गर्न गल्छी प्रहरीले संचालन गर्ने गरि गल्छी बजार देखि महेशदोभान सम्म १५ वटा सी.सी क्यामेरा जडान तथा संचालन गरिएको छ |

- सेवा प्रबाहलाई प्रभावकारी बनाउन प्रत्येक वडाका बस्तिमा अध्यक्ष ज्युको नेतृत्व र वडा अध्यक्षज्युको संयोजनमा एकिकृत सेवा जस्तै पशु शिविर, स्वास्थ्य शिविर , अपाङ्ग जेष्ठ नागरिक परिचय पत्र वितरण , कृषि सामग्री तथा विउ विजन बितरण कार्य सबै वडामा सम्पन्न गरिएको छ |
- गल्छी गाउँपालिकाको सबै क्रियाकलाप सामाजिक संजाल मार्फत जानकारी गराउने उदेश्यले वेभसाईट, मोबाईल एप्लीकेशन, डिजीटल बोर्ड जस्ता सूचना प्रबिधिको प्रयोग गरिएको छ |
- सहरी आयोजना बाट सडक बत्तिको व्यवस्था नभएका ठाउँहरुमा १५ वटा सडक सोलार बत्ति जडान कार्य अन्तिम चरणमा पुगेको छ |

**सम्माननिय सभाध्यक्षज्यू** ,
यसै क्रममा अव म आगामी आर्थिक वर्ष ०७६/०७७ को बजेटका उद्वेश्य तथा प्राथामिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु। आगामी वजेट निम्न उद्वेश्य प्राप्तिमा केन्द्रित रहेको ब्यहोरा यस सभा समक्ष अनुरोध गरेकी छु।

- प्रत्येक वडा कार्यालयमा जोड्ने सडक सुबिधाको प्रबन्ध गर्ने।
- गाउँपालिका भरि विद्युत काठेपोल बिस्तापित गर्ने।
- बालमैत्री, अपाङ्गता मैत्री, वातावरण मैत्री र पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउने ।
- आधारभूत तहको पूर्वाधारको सुबिधा युक्त  र उज्यालो युक्त गल्छी बनाउने ।

आगामी आर्थिक वर्ष ०७६/०७७ को बजेटका प्राथामिकताहरु निम्न अनुसार रहेका छन् ।

- भरपर्दो सुबिधा युक्त सडक संजाल विस्तार गर्ने

- गाउँवासीका जिवनस्तर मा सुधार आउने गरि कार्यक्रम संचालन गर्ने।
- स्वास्थ्य, शिक्षा लगायत सामाजिक क्षेत्रहरुको विकास मार्फत मानव विकास गर्ने ।
- समन्यायिक विकासका लागि कृषि, पर्यटन लगायतका क्षेत्रको प्रवर्द्वन गर्ने ।
- सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिबृद्वि गरि नागरिकलाई अनुभुति हुनेगरि सुशासन कायम गर्ने

**सम्माननिय सभाध्यक्षज्य**

मानिनय सभासदज्यूहरु,

अब म क्षेत्रगत तथा विषयगत कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**पूर्वाधार विकासतर्फ**

- गल्छी गाउँपालिकाको सबै वडाका रणनीतिक सडक हरु संचालन गर्नका निमित्त संघीय सरकार र प्रदेश सरकार संग लागत साझेदारीका रुपमा कार्य गर्न समपुरक कोषमा आवश्यक बजेट बिनियोजन गरेको छु |
- गाउँपालिको गौरवको आयोजनाका रुपमा बैरेनी स्वाथ्य चौकिलाई स्तर उन्नति गरि २५ शैयाको अस्पताल भवन निर्माण गर्न रु. २ करोड  बिनियोजन गरेको छु |
- यस गाउँपालिकाको एक मात्र पुरानो पाल्चोक आयुर्वेद औषधालयको आफ्नो स्वामित्वमा रहेको जग्गामा  भवन निर्माण गर्न रु. १ करोड  बिनियोजन गरेको छु |
- गल्छी गाउँपालिका अन्तरर्गतका वडा कार्यलयहरुको आफ्नो स्वामित्वका जग्गा नभएकोले सो जग्गा खरिदका लागि रु. १ करोड २५ लाख र वडा कार्यलयको भवन निर्माणका लागि रु. १ करोड बिनियोजन गरेको छु |

**आर्थिक विकास**

- ब्यबसायीक रुपमा कृषि ब्यबसाय र पशुपालनमा संलग्न कृषकहरुलाई प्रोत्साहन गर्नका निमित्त कृषि तथा पशु शाखा मार्फत आवश्यक अनुदानको ब्यबस्था गरेकी छु ।
- ब्यबसायीक कृषकहरुको लागि अनुदानमा आधारित फलफुलका विरुवा बितरण गर्न आवश्यक बजेट ब्यबस्था गरेकी छु ।
- पर्यटन विकासका निमित्त रानिमाला, गुप्तेस्वर गुफा, धर्मद्वार पाउद्वार , रणकालिका मन्दिरका क्षेत्रमा हरियाली बातावरण बनाई आकर्षणको केन्द्र बिन्दु बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

**सामाजिक विकास तर्फ**

- गल्छी गाउपालिकाले शिक्षा स्वास्थ्य लक्षित वर्ग लगायतलाई प्राथकिता दिदै सामाजिक विकासका क्षेत्रमा करीव ४ करोड २५ लाख रकम विनियोजन गरेकी छु।
- वडा मार्फत सबै वडामा ब्यबस्थित खानेपानी का लागि आबस्यक रकम विनियोजन गरेकी छु ।
- स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिदै आबश्यक वजेट विनियोजन गरेकी छु।
- गल्छी गाउँपालिका भरिका सामुदायिक बिद्यालयहरुमा ५ कक्षा भन्दा मुनि अध्ययन गर्ने बालबालिकाहरुलाई दिवा खाजा कार्यक्रमको लागि आबश्यक वजेट बिनियोजन गरेकी छु।
- ८५ वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण कार्यका लागि निरन्तरता दिदैं रु. ५ लाख वजेट बिनियोजन गरेकी छु।

**बन वातावरण तथा विपद व्यवस्थापन**

- सूचना र प्रविधिको सदुपयोगका लागि गाउपालिका कार्यालयलाई सुचना प्रविधिमैत्री वनाउनमा जोड दिईएको छ।
- अनलाइन घटनादर्ता प्रक्रिया लाई सबै वडामा विस्तार गर्न आबश्यक रकम विनियोजन गरेकी छु।

- वातावरणीय स्वछता कायम राख्न र सहरी सरसफाई कार्यलाई थप ब्यबस्थित गर्न वडा नं. ६ मा ल्याण्ड फिल्ड साईटको निर्माण गरिनेछ । सो को लागी रु ५० लाख वजेट विनियोजन गरेकी छु ।

**समग्रमा,**

- स्वास्थ्य तर्फको विभिन्न कार्यक्रम संचालन गर्न रु ९० लाख विनियोजन गरेकी छु ।
- कृषि तर्फको विभिन्न कार्यक्रम संचालन गर्न रु ८० लाख विनियोजन गरेकी छु ।
- पशु सेवा तर्फको विभिन्न कार्यक्रम संचालन गर्न रु ३५ लाख विनियोजन गरेकी छु ।
- बन वातावरण तर्फको विभिन्न कार्यक्रम संचालन गर्न रु २० लाख विनियोजन गरेकी छु ।
- घरेलु तर्फको विभिन्न कार्यक्रम संचालन गर्न रु १० लाख विनियोजन गरेकी छु ।
- शिक्षा तर्फ अतिरिक्त विभिन्न कार्यक्रम संचालन गर्न रु ७५ लाख विनियोजन गरेकी छु ।
- सहकारी तर्फको विभिन्न कार्यक्रम संचालन गर्न रु १० लाख विनियोजन गरेकी छु ।
- महिला तथा बालबालिका तर्फको विभिन्न कार्यक्रम संचालन गर्न रु ३५ लाख विनियोजन गरेकी छु ।
- सूचना प्रबिधि तर्फको विभिन्न कार्यक्रम संचालन गर्न रु ६० लाख विनियोजन गरेकी छु ।
- आयुर्वेद तर्फको विभिन्न कार्यक्रम संचालन गर्न रु १० लाख विनियोजन गरेकी छु ।

**सम्माननिय सभाध्यक्षज्यू**

अव म आगामी वर्षका लागि विनियोजन गरेको वजेट प्रस्तुत गर्न चाहान्छु । गल्छी गाउपालिकाको आगामी वर्षका लागि वित्तीय समानिकरण ससर्त राजस्व बाडफाड सवारी साधन कर, आन्तरिक श्रोत र अन्य आम्दानि गरि कुल रु ६१ करोड ७७ लाख ८४ हजार बजेट मध्ये चालु तर्फ रु ३३ करोड ३३ लाख ८४ हजार र पुँजिगत तर्फ रु २८ करोड ४४

लाख गल्छी गाउपालिकाको सँचित कोषवाट खर्च गर्ने गरि विनियोजन गरेको जानकारी गराउदछु ।

**<u>अन्त्यमा</u>**

यस गाउपालिकाको वार्षिक वजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा सहयोग पुरयाउनु हुने गल्छी गाउपालिकाका सभाध्यक्षज्यू, सम्पुर्ण सभासदज्यूहरु, गल्छी गाउँ कार्यपालिका कार्यालयका प्रमुख प्रशासकिय अधिकृतज्यू लगायत सम्पुर्ण कर्मचारी मित्रहरु र प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पुर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

**धन्यवाद ।**

**श्री राधा तिमल्सिना (लामिछाने)**
**उपाध्यक्ष**
**२०७६/०३/२५**